अन्सारी, प्रदेश परिषद् सदस्य शिवकुमार साह, प्रदेश सदस्य गौरिशंकर साह, युवा नेताहरू मुकेशकुमार द्विवेदी, रुपेशमान सिंह र प्रमोद जयसवाल रहेका छन् । उनीहरूले एमाले-जसपा गठबन्धनको निर्णय विपरीत पर्साका विभिन्न निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएका छन् । पार्टीको साधारण सदस्यसमेत नरहने गरी उनीहरूलाई कारबाही गरिएको छ ।

# बलेफी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बलेफी, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

**नदीजन्य पदार्थको संकलन त'था उत्खनन् शुल्क संकलनका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः-२०७९/६/२७**

**ठेक्का नं. आय-०१/२०७९-०८०**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस गाउँपालिकाको आर्थिक ऐन २०७९ को दफा १३ को व्यवस्था बमोजिम सुनकोशी र ब्रह्मायणी नदी किनारको स्वीकृत स्थानहरुहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलनको शुल्क असुल गर्ने कार्य बोपपत्रको माध्यमबाट बढाबढ गरी गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र वा सोको म्याद थपको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू. अ. कर बाहेक) | बोलपत्र फाराम दस्तुर (रु.) | बोलपत्र पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १ | आय-०१/ २०७९-०८० | नदीजन्य पदार्थको संकलन त'था उत्खनन् शुल्कका लागि बोलपत्र | ४४७६८४.०२ | ४०,२९,१५६.१८ | ३००० | २०७९/०७/२७ |

**शर्तहरु**

१. बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा NIC ASIA बैंक खाडिचौर शाखा कार्यालय, सिन्धुपाल्चोकमा रहेको यस कार्यालयको खाता नं.194CA50003570007 मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३२ औं दिन भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको NIC ASIA बैंक खाडिचौर शाखामा रहेको धरौटी खाता नं. J4CA000357052405 मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फाराममा उल्लेख भएका सबै विवरणहरु बोलपत्रदाताले भर्नु पर्नेछ । एक फर्म वा संस्थाको नाममा खरिद गरिएको फाराम अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको अपरान्ह १ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

४. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २० औं दिनको बिहान ११ बजे यस गाउँकार्यपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५. म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले १५ दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ४० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । बाँकी रकम दुई समान किस्तामा २०७९ साल चैत्र मसान्त भित्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ। ६० प्रतिशतले हुने बुझाउन बाँकी किस्तावापतको रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त भएको बैंकबाट यस कार्यालयको नाममा २०८० साल श्रावण मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी सम्झौता गर्नु पर्ने र पट्टा उठाउनु पर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंकको रकम र भ्याट समेत यस कार्यालयमा बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई बुझाउनु पर्ने आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ । तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रदेश कानून, यस गाउँपालिकाबाट जारी कानून तथा निर्णयहरु र अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत